वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

भाग : २ खण्डः ८ संख्याः ११ मिति : २०८२/१२/२६

## मेला महोत्सव व्यवस्थापन मापदण्ड, २०७५ को (पहिलो संशोधन, २०८२)

१. मुल कार्यविधिको दफा १(१) सट्टा देहायको खण्ड राखिएको छ ।

"यस कार्यविधिको नाम मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७५ को पहिलो संशोधन, २०८२ रहनेछ ।"

२. मुल मापदण्डको दफा २(१) मा देहायको खण्ड राखिएको छ।

"मेला महोत्सव भन्नाले वीरेन्द्रनगर नगरपालिका भित्रका कुनै पनि निजि वा सार्वजनिक स्थलमा दुई दिनभन्दा बढि अवधिसम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक,साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई जनाउनेछ ।"

३. मुल मापदण्डको दफा ४(१)मा देहायको खण्ड राखिएको छ ।

"प्रत्येक आ.व. मा वीरेन्द्रनगर नगरपालिकाभित्र सार्वजनिक स्थलमा मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा

भाद्र मसान्तभित्र अनुसूची १ मा उल्लेख भए अनुसारका विवरण खुलाइएको प्रस्ताव सहित आवेदन गर्नुपर्नेछ । तर निजि स्वामित्वको जग्गामा लगाइने मेला महोत्सवको हकमा सो गर्नु पूर्व पन्ध्र दिन अगावै अनुमति लिनुपर्नेछ ।"

**आज्ञाले**
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत